नौमूले गाउँपालिका
# गाउँकार्यपालिकाको कार्यालय
नौमूले, दैलेख
कर्णाली प्रदेश, नेपाल

आ. व. २०८०/०८१ (रोजगार सेवा केन्द्र )

मिति २०८०/१०/२९

च. नं.

सूचना ! सूचना !! सूचना !!!

**विषय : आ.व. २०८१/०८२ का लागि बेरोजगार व्यक्तिको सूचीमा सूचीकृत हुन निवेदन दिने सम्बन्धमा**

रोजगारीको हक सम्बन्धी ऐन २०७५ को दफा ११, रोजगारीको हक सम्बन्धी नियमावली २०७५ को नियम ७ र प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका , २०७५ को दफा १८ बमोजीम आर्थिक वर्ष २०८१/०८२ मा यस नौमूले गाउँपालिकाका मातहत रहेको रोजगार सेवा केन्द्रको समन्वयमा प्रदान गरिने न्यूनतम रोजगारीमा संलग्न भई सार्वजनिक विकास निर्माणका काममा योगदान गर्न ईच्छुक (१८-५९) बर्ष तपसिल बमोजिमको मापदण्ड पुगेका बेरोजगार व्यक्तिहरुले २०८० फागुन १ गते देखी २०८० फागुन ३० गते भित्र आफुले स्थायी बसोबास गरेको वडा कार्यालयमा सूचिकृत हुन निवेदन दिनहुन यो सुचना प्रकाशित गरिएको छ । निवेदनको ढांचा प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका , २०७५ को अनुसूची -१ बमोजिम हुनु पर्नेछ । निवेदनको ढांचा र यस सम्बन्धी थप जानकारी यस गाउँपालिकाको वेवसाईट www.naumulemun.gov.np तथा प्रत्येक वडा कार्यालयहरुबाट प्राप्त गर्न सकिनेछ । विस्तृत जानकारीका लागि गाउँपालिकाको वेवसाईट , फेसबुक पेज तथा गाउँपालिकाको रोजगार सेवा केन्द्रमा सम्पर्क गर्नुहोला ।

**तपशिल**

**बेरोजगार व्यक्ति सूचीकृत हुनका लागि आवश्यक मापदण्ड तथा प्राथमिकता**

(क) न्यून आय भएका (चालु आ.व २०८०/०८१ मा रु ६६८००। भन्दा कम ) तथा स्वरोजगारमा संलग्न नभएका ।

(ख) चालु आ.व २०८०/८१ मा न्यूनतम रोजगारीमा संलग्न नभएको ।

(ग) कृषि उत्पादन तथा ज्याला मजदुरीले ३ महिना सम्म खान नपुग्ने परिवारको सदस्य ।

(घ) भूमिहिन तथा सुकुम्वासी , अल्पसंख्यक समुदाय , लोपोन्मुख जनजाती , सिमान्तकृत वर्ग , एकल महिला , शहिद परिवार तथा बेपत्ता परिवारको सदस्य , अपाङ्गता भएका परिवारको सदस्य आदी ।

**निवेदनसाथ पेश गर्नुपर्ने कागजातहरु**

१. पुर्ण रुपमा भरेको बेरोजगार दर्ताको निवेदन थान -१ (अपूर्ण निवेदन स्वत: निष्कृय हुनेछ) ।

२. निवेदकको नागरिकता प्रतिलिपि थान -१।

३. निवेदकको पासपोर्ट साईजको फोटो थान -१।

४.निवेदकको परिवारका सदस्यहरुको नागरिकताको प्रतिलिपि थान -१

**बोधार्थ**

श्री वडा कार्यालय सबै (सूचना वडामा प्रकाशीत गरी सोको जानकारी पठाउन हुन)।

थप जानकारीका लागि रोजगार सेवा केन्द्रको (९८५८०८८१७०)मा सम्पर्क राख्न सकिन्छ ।

विवरण पुरा नभएको निवेदन मान्य हुने छैन ।

.................

( भुपेन्द्र शाही)

नि. प्रमुख प्रशासकिय अधिकृत

नि.प्रमुख प्रशासकीय अधिकृत